ऐन सङ्ख्याः २

# मिक्वाखोला गाउँपालिकाको विनियोजन ऐन, २०७४

गाउँ सभाबाट पारित मितिः २०७४\०६\०२

(छैटौ गाउँसभा बाट संशोधित २०७६)

**मिक्वाखोला गाउँपालिका**

ताप्लेजुङ,

१ नं. प्रदेश नेपाल

२०७४

# मिक्वाखोला गाउँपालिकाको विनियोजन ऐन, २०७४

मिक्वाखोला गाउँपालिकाको आर्थिक बर्ष २०७६\०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः२०७६\०३\१०

**प्रस्तावनाः** मिक्वाखोला गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम मिक्वाखोला गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मिक्वाखोला गाउँपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७६\०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७६\०७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २४,९०,०६,०००।- (अक्षरुपी चौविस करोड नब्बे लाख छ हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६\०७७ को निमित्त मिक्वाखोला गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा

बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा, शिर्षक परिवर्तन गर्नु परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची—१

## (दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## **संञ्चित कोषबाट विनियोजन हुने रकम**

| आगामी आ.व. २०७६/०७७ को चालु तथा पुँजीगत खर्चको बजेट | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | श्रोतको प्रकृति | संघ रकम | प्रदेश रकम | मिक्वाखोला गा.पा. | जिल्ला मालपोत का.ता. | जम्मा |
| १ | वित्तिय समानिकरण अनुदान | ७,८२,००,०००।- | ६९,३७,०००।- | १,६३,०००।-(अनुमानित पुँजीगत अ.ल्या) | - | ८,५३,००,०००।- |
| २ | राजश्व वाँडफाँड | ५,३५,००,०००।- | २४,३०,०००।- | ७५,७०,०००।- (अनुमानित चालु अ.ल्या) | ३,००,०००।- | ६,३८,००,०००।- |
| ३ | सशर्त अनुदान | ७,८२,००,०००।- | - | - | - | ७,८२,००,०००।- |
| ४ | आन्तरिक आय | - | - | १७,०६,०००।- | - | १७,०६,०००।- |
| ५ | सामाजिक सुरक्षा | २,००,००,०००।- | - | - | - | २,००,००,०००।- |
| जम्मा | | | | | | २४,९०,०६,०००।- |

अध्यक्षबाट प्रमाणीकरण मितिः २०७६\०३\१०